**बैठक संख्याः८**

आज मिति २०७९ साल श्रावण १ गते आइतबारका दिन बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री रमेश कार्की ज्यूको अध्यक्षतामा निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक नगर सभा हलमा बिहान ८:०० बजे बसी निम्न अनुसारका निर्णयहरु गरियो ।

## उपस्थिति

| | |
|---|---|
| १. नगर प्रमुख- श्री रमेश कार्की | अध्यक्ष |
| २. उप- प्रमुख - श्री नन्द कुमारी सुनुवार | सदस्य |
| ३. वडा अध्यक्ष, वडा नं १ - श्री किसन थापा | सदस्य |
| ४. का.वा. वडा अध्यक्ष, वडा नं २ - श्री चुनु श्रेष्ठ | सदस्य |
| ५. वडा अध्यक्ष, वडा नं ३ - श्री राजदिप लामा | सदस्य |
| ६. वडा अध्यक्ष, वडा नं ४ - श्री आसाराम चौधरी | सदस्य |
| ७. वडा अध्यक्ष, वडा नं ५ - श्री रोहित काफ्ले | सदस्य |
| ८. वडा अध्यक्ष, वडा नं ६ - श्री उद्धब प्रसाद पोखरेल | सदस्य |
| ९. वडा अध्यक्ष, वडा नं ७ - श्री कपिल आचार्य | सदस्य |
| १०. वडा अध्यक्ष, वडा नं ८ - श्री रोशन खड्का | सदस्य |
| ११. वडा अध्यक्ष, वडा नं ९ - श्री निरञ्जन मण्डल चन्द्रबंशी | सदस्य |
| १२. का.वा. वडा अध्यक्ष, वडा नं १० - श्री नारायण प्रसाद पौडेल | सदस्य |
| १३. वडा अध्यक्ष, वडा नं ११ - श्री कृष्ण कुमार महतो | सदस्य |
| १४. कार्यापालिका सदस्य - श्री पंकज कुमार महतो | सदस्य |
| १५. कार्यापालिका सदस्य - श्री बिष्णु कुमारी बिष्ट | सदस्य |
| १६. कार्यापालिका सदस्य - श्री मालति बिश्वकर्मा | सदस्य |
| १७. कार्यापालिका सदस्य - श्री दुर्गा राई | सदस्य |
| १८. कार्यापालिका सदस्य - श्री नविन बि.क. | सदस्य |
| १९. कार्यापालिका सदस्य - श्री भगवति कटुवाल खड्का | सदस्य |
| २०. कार्यापालिका सदस्य - श्री रत्न बहादुर रम्तेल | सदस्य |
| २१. कार्यापालिका सदस्य - श्री सुष्मा माझी | सदस्य |
| २२. प्रमुख प्रशासकीय अधिकृत - श्री देवेन्द्र बहादुर मल्ल | सदस्य-सचिब |

**<u>आमन्त्रित</u>**

१. लेखा अधिकृत - श्री वीरेन्द्र यादव

२. अधिकृत छैटौ प्रशासन शाखा प्रमुख - श्री राजकुमार गौतम

३. सूचना प्रविधि अधिकृत - श्री पुकार पोखरेल

**<u>प्रस्तावहरुः-</u>**

१. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

२. आर्थिक सहयोग सम्बन्धमा ।

३. जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

४. अख्तियारी प्रदान सम्बन्धमा ।

**<u>निर्णयहरुः-</u>**

१. प्रस्ताव नं १ उपर छलफल हुँदा वराहक्षेत्र नगरपालिकामा कार्यरत करार कर्मचारीहरुको कार्य सम्पादन स्तर मुल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड-२०७८ बमोजिम अङ्क प्राप्त गरेका देहायका कर्मचारीहरुको मिति २०७९ पौष मसान्त सम्म करारको अवधि थप गर्ने निर्णय गरियो र बाँकी कर्मचारीहरुको मापदण्ड बमोजिम कार्य सम्पादनमा अङ्क प्राप्त नगरेको हुँदा देहायका कर्मचारीहरुको म्याद थप नगर्ने निर्णय गरियो ।

| क्र.सं | नाम | पद | तह/श्रेणी | दरबन्दी प्रकार | ठेगाना |
|---|---|---|---|---|---|
| १ | पवित्रा निरौला | सहायक | पाँचौ | करार | बराहक्षेत्र ४ |
| २ | प्रतिक्षा कट्टेल मैनाली | का.स. | श्रेणीविहिन | करार | बराहक्षेत्र १० |
| ३ | अनिता राई | का.स. | श्रेणीविहिन | करार | बराहक्षेत्र ३ |
| ४ | गोमादेवी दंगाल | | श्रेणीविहिन | करार | बराहक्षेत्र ११ |
| ५ | अस्मिता गुरागाँइ | अ.न.मी | चौथो | करार | बराहक्षेत्र ४ |
| ६ | नविन लम्साल | अ.हे.ब | चौथो | करार | बराहक्षेत्र ११ |
| ७ | उषा खड्का | हे.अ. | पाँचौ | करार | बराहक्षेत्र ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | अमृत भुजेल | अ.हे.व | चौथो | करार | बराहक्षेत्र ११ |

| क्र.सं | नाम | पद | तह/श्रेणी | दरबन्दी प्रकार | ठेगाना |
|---|---|---|---|---|---|
| ९ | शाहिन प्रविन | CBRF | श्रेणीविहिन | करार | बराहक्षेत्र ११ |
| १० | श्रद्धा घिमिरे | CBRF | श्रेणीविहिन | करार | बराहक्षेत्र २ |

२. प्रस्ताव नं २ उपर छलफल हुँदा वराहक्षेत्र नगरपालिका वडा नं ११ मधुवन बस्ने हसिब अन्सारीको श्रीमती बर्ष ३९ कि सलमा प्रविन बिगत २ बर्ष देखि मृगौला रोगी भई आर्थिक अभावका कारण उपचार गर्न नसक्ने भएको भनी वडा कार्यालयको समेत सिफारिस प्राप्त भएको हुँदा निजलाई रु २५,०००।- (पच्चिस हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरीयो ।

४. प्रस्ताव नं ५ माथी छलफल हुँदा नेपाल सरकार, खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, शहरी खानेपानी तथा सरसफाई(क्षेत्रगत) आयोजनाको च.नं ७४६ मिति २०७९/०३/०२ गतेको पत्रानुसार एशियाली बिकास बैङ्कको ऋण सहयोगमा संचालन हुन लागि रहेको बहुउपयोगी/बहुउद्देश्यीय भवन निर्माणका लागी आवश्यक पर्ने जग्गा साविक महेन्द्रनगर गाविसको नाममा रहेको कि.नं. १०६ र १०७ मा रहेको ०-५-६ र ०-४-० कठ्ठा जग्गा सो आयोजना संचालन गर्नका लागि उपलब्ध गराउने निर्णय गरीयो ।

५. प्रस्ताव नं ६ माथी छलफल हुँदा यस बराहक्षेत्र नगरपालिकाद्वारा विगतमा भए गरेका काम कारवाही र अव उप्रान्त गरिने काम कारवाहीको सिलसिलामा बराहक्षेत्र नगरपालिका साविक बराहक्षेत्र गा.वि.स भरौल महेन्द्रनगर, प्रकाशपुर गा.वि.स. कार्यालयहरु, प्रमुख, उप-प्रमुख न्यायीक समिति, वडा कार्यालय, नगर शिक्षा समिति, वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा सचिव, नगरपालिकाका कर्मचारीहरुलाई विपक्ष बनाई कोही कसैबाट जुनसुकै अड्डा अदालतमा जाहेर हुने मुद्धाको प्रतिउत्तर फिराउन, लिखित जवाफ फिराउन, फिराद वा उजुरी दर्ता गराउन, पुनरावेदन दर्ता गराउन वारेस राख्न, कानुनी व्यवसायी नियुक्ति गर्न, तारेखमा रही मुद्धाको बहस पैरवी गर्न, मिलापत्र गर्न समेतका लागि यस बराहक्षेत्र नगरपालिकाको कार्यालयका तर्फबाट बराहक्षेत्र नगरपालिकाका प्रमुखलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।